सिकाइ क्षेत्रः
हाम्रो परिवेश र नागरिक चेतना

# हाम्रो अधिकार र सामाजिक न्याय



## तह १

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक सिकाइ तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ। अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले सञ्चार तथा आधुनिक प्रविधि, समस्या समाधान तथा समालोचनात्मक चिन्तन, आफू, समाज र नागरिक चेतना, तीनओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री विशेष गरी १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुर्‍याउने साझेदार संस्था युनिसेफ तथा विश्व शिक्षा, भाषा सम्पादनमा सहयोग पुर्‍याउनुहुने पाठ्यक्रम विकास केन्द्र, सामग्री लेखनमा सहयोग गर्नुहुने विषयविज्ञ, चित्र तथा लेआउट डिजाइन कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्छ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

हाम्रो संविधानले नागरिकका मौलिक हकको व्यवस्था गरेको छ। ती हक निर्बाध उपयोग गर्न पाउनु हाम्रो अधिकार हो। यसलाई हामी मानव अधिकार पनि भन्न सक्छौँ। यस मोडुलमा हामी महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका अधिकार, पारिवारिक सामाजिक समावेशिता र सामाजिक न्यायका बारेमा अध्ययन गर्नेछौँ।

## सक्षमता

» मानव अधिकार, सामाजिक सद्भाव, सहिष्णुता र समावेशीताको अभ्यास।
» सामाजिक न्याय प्रवर्द्धनका स्थानीय अनुभवहरुको विवेचना प्रस्तुत गर्ने।

## सिकाइ उपलब्धि

**यस मोडुल अध्ययनपश्चात् तपाईंले निम्नलिखित सिकाइ उपलब्धि हासिल गर्नुहुने छ :**

» बालबालिकाका आधारभूत अधिकार बारे बताउन,
» महिलाका आधारभूत अधिकार बारे बताउन,
» अपाङ्गता भएका व्यक्तिका आधारभूत अधिकार बारे बताउन,
» समावेशी नीति बारे बताउन,
» सामाजिक न्याय बारे बताउन,

## पाठहरू

पाठ १: बालबालिकाका आधारभूत अधिकार चिनौँ

पाठ २: महिलाका आधारभूत अधिकार बुझौँ

पाठ ३: अपाङ्गता भएका व्यक्तिका आधारभूत अधिकार चिनौँ

पाठ ४: समावेशी नीति जानौँ

पाठ ५: सामाजिक न्याय बारे जानकारी राखौँ

## पूर्व सिकाई परिक्षण

**तलका प्रश्नहरू हल गर्नुहोस् :**

(१) नाम र जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्नु कसको हक हो ?

(क) बालबालिकाको (ख) जेष्ठ नागरिकको

(ग) महिलाको (घ) युवकको

(२) आफ्नो गर्भमा रहेको बच्चालाई सुरक्षित जन्मदिन पाउनु कसको हक हो ?

(क) बालबालिकाको (ख) महिलाको

(ग) जेष्ठ नागरिकको (घ) पुरुषको

(३) ह्वीलचियरमा हिँड्न पाउनु कसको हक हो ?

(क) सुनाइ अपाङ्गता भएका व्यक्तिको (ख) बोलाइ अपाङ्गता भएका व्यक्तिको

(ग) दृष्टि अपाङ्गता भएका व्यक्तिको (घ)शारीरिक अपाङ्गता भएका व्यक्तिको

(४) टोल सुधार समितिमा किन सबै किसिमका मानिसहरू राखिन्छ ?

(क) समितिलाई समावेशी बनाउन (ख) समिति ठुलो बनाउन

(ग) जुलुस लगाउन सजिलो बनाउन (घ) डेलिगेसन जान सजिलो बनाउन

(५) तलका मध्ये सामाजिक न्याय कुन हो?

(क) समाजका सबै मानिसले खानेपानीको सुविधा समान रूपमा प्राप्त गर्नु,

(ख) समाजका सबै मानिसले विद्युत सुविधा समान रूपमा प्राप्त गर्नु,

(ग) समाजका सबै मानिसले मन्दिरमा पूजा गर्ने सुविधा समान रूपमा प्राप्त गर्नु,

(घ) माथिका सबै

**उचित शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

(क) उचित स्याहार, खेलकुद र मनोरंजनको अवसर प्राप्त गर्नु .........को अधिकार हो ।

(ख).........लाई सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुन्छ ।

(ग) शोषण वा हिंसाजन्य कार्य कानुनबमोजिम ........... हुन्छ ।

(घ) सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच प्राप्त गर्न........अधिकार हो ।

पाठ १

# बाल अधिकार चिनौ




(१)



(२)




(३)



(४)



(५)





(६)



(७)

**माथिको चित्रमा के के देख्नुहुन्छ साथीसँग मिलेर छलफल गर्नुहोस् र देखेका कुराहरू तलको खाली ठाउँमा लेख्नुहोस् :**

१. ..........................................................................

२. ..........................................................................

३. ..........................................................................

४. ..........................................................................

५. ..........................................................................

६. ..........................................................................

७. ..........................................................................

**उत्तर : पाठको अन्त्यमा दिइएको उत्तर हेरेर आफूलाई जाँच्नुहोस् ।**

## क्रियाकलाप : १

**तपाइँको छरछिमेकमा रहेका सबै बालबालिकाले माथिको चित्रमा देखिएका जस्ता कियाकलापमा सहभागी हुन पाएका छन् कि छैनन् ? छैनन् भने कुन कुन कियाकलाप गर्न पाएका छैनन् ? साथीहरूसँग छलफल गरेर तलको खाली ठाउँमा लेख्नुहोस्**

१. ..........................................................................

२. ..........................................................................

३. ..........................................................................

४. ..........................................................................

५. ..........................................................................

**तलको कविता पढौँ ।**

हाम्रा साना नानी ।
खेल्ने तिनको बानी ॥
बिहान एकछिन खेल्छन् ।
नुहाइ धुवाइ गर्छन् ॥
खाना पिना खाएर ।
राम्रो नाना लाएर ॥
कापी किताब च्यापेर ।
स्कूलतिर लाग्छन् ॥
गुरुआमा चिनेर ।
साथीसँग मिलेर ॥
ज्ञान गुन सिक्छन् ।
एकै छिन खेल्छन् ॥
नाच्तै घर आउँछन् ।
मिठो खाजा खान्छन् ॥
बा आमाले भनेको ।
सबैकुरा मान्छन् ॥

## क्रियाकलाप : २

**माथिको कवितामा बालबालिकाले के के गर्ने अवसर पाएका छन् ? तल टिपोट गर्नुहोस्**

१. ............................................................................

२. ............................................................................

३. ............................................................................

४. ............................................................................

५. ............................................................................

**तलको कथा पढौँ :**

रामुको घर धरमपुर हो । रामु कक्षा ३ मा पढ्छन् । रामुकी आमा शिक्षक हुनुहुन्छ । रामुको बाबा व्यापार गर्नुहुन्छ । रामुकी एक बहिनी पनि छिन् । उनी अहिले एक वर्षकी भइन् । रामुको घरमा दिलबहादुर को परिवार पनि भाडामा डेरा गरी बसेका छन् । दिलबहादुरको परिवारमा श्रीमती र एक छोरा पनि छन् । दिलबहादुर कारखानामा काम गर्न जान्छन् उनकी श्रीमती छोरो हेरेर घरैमा बस्छिन् । उनीहरू आफ्नो छोरालाई काले भनेर बोलाउँछन् । उनी अहिले पाँच वर्षका भए तर विद्यालय जान पाएका छैनन् ।

एक दिन साँझ दिलबहादुर रामुको बाबासँग कुराकानी गर्न आए । रामुको बाबाले छोरालाई विद्यालय नपठाएको बारे जिज्ञासा राख्नुभयो । उनले आफूले आर्थिक कठिनाइका कारण छोरालाई विद्यालयमा पढ्न पठाउन नसकेको कुरा बताए । बरु कालुलाई रामुको बहिनीको धरालो राखिदिए आफूहरू दुबैजना काममा जान पाउने बताए । रामुको बाबाले छोरालाई विद्यालय पठाएर दुबैजना काममा जान सल्लाह दिनुभयो । यसो गर्न सके आम्दानी पनि बढ्ने र छोराले पढ्न पनि पाउने सल्लाहा दिनुभयो । कालुलाई धरालो राखे मा उसको पढ्न पाउने हक हनन् हुने र अन्याय हुने कुरा बताउनुभयो । साना बालबालिकालाई अरूको घरमा काम गर्न राखेमा कानुनले सजाय गर्ने कुरा पनि बताउनुभयो । उचित स्याहार सुसार, शिक्षा, स्वास्थ्य उपचार, खेलकुद, मनोरञ्जन आदिको अवसर पाउनु बालबालिकाको अधिकार हो । यसो भएमा मात्र उनीहरूको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक सबै किसिमको विकास हुन सक्छ भनेर पनि सम्झाउनुभयो । भोलिपल्ट रामुको बाबाले विद्यालयमा लगेर भर्ना गरिदिने कुरा भयो । विद्यालयमा भर्ना गर्न जन्मदर्ता चाहिने थियो तर जन्मदर्ता गराएको रहेनछ । जन्मदर्ता प्रमाणपत्र पाउनु बालकको हक हुने कुरा पनि बताइदिनुभयो । भोलिपल्ट पहिले वडा कार्यालय गएर जन्मदर्ता गर्ने र जन्मदर्ता लिएर विद्यालय जाने सल्लाह
भयो ।

वडा कार्यालयमा जन्मदर्ताका लागि फाराम भरेर पेस गरियो । वडाका कर्मचारीले फाराममा ले खिएको बालकको नाम पढेर यस्तो काले, सेते, चङ्खे, मरिचे, रिठ्ठे जस्ता नाम राख्न नमिल्ने कुरा बताए । यसरी हेला होचो हुने किसिमका नाम राख्न कानुनले दण्डनीय मानेको कुरा बताए । उनले बालबालिकाको

सम्मानजनक नाम प्राप्त गर्ने अधिकार भएको कुरा पनि जानकारी गराए । कालुको वास्तविक नाम सुशान्त थियो त्यही नाम राखेर जन्म दर्ता बनाइयो । विद्यालयमा भर्ना पनि गरियो । बेलुका भोलिदेखि विद्यालयमा सुशान्त भएर पढ्न जान पाउने थाहा पाएर उनी खुसीले फुरुङग हुदै सुत्न गए ।



## अभ्यास क्रियाकलाप

**माथिको कथा पढेर तपाइँले थाहा पाएका कुराका आधारमा  तल लेखिएका कुरा ठिक भए ठिक र बेठिक भए बेठिक कोष्ठकमा लेख्नुहोस् ।**

(क) सुरक्षित रूपमा जन्म लिन पाउनु बालबालिकाको अधिकार हो  (..........)

(ख) बालबालिकाले सम्मानजनक नाम पाउने अधिकार हुँदैन  (...........)

(ग) बालबालिकाको जन्मदर्ता प्राप्त गर्ने अधिकार हुन्छ  (...............)

(घ) जन्मिएपछि उचित पालन पोषण र स्याहार सुसार पाउनु बालबालिकाको अधिकार हो (.....)


(ङ) बालबालिकाले खेलकुद र मनोरञ्जनमा सहभागी हुन आवश्यक छैन (.........)

(च) उचित शिक्षा र स्वास्थ्य उपचार प्राप्त गर्नु बालबालिकाको अधिकार हो (.........)

(छ) बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक लगायत सबै किसिमको विकास हुन जरुरी हुन्छ (............)

(ज) पारिवारिक छलफलमा बालबालिकालाई सहभागी गराउनुपर्दैन (.........)

**तलको बेलुन चित्र हेरौँ र यी बालबालिकाका भनाइ सुनौँ :**





हामी बालबालिकालाई परिवार तथा राज्यबाट उचित शिक्षा, स्वास्थ्य उपचार, पालन पोषण, स्याहार सुसार, खेलकूद र मनोरञ्जनको अवसर प्राप्त गरी सर्वाङ्गीण विकास गर्न पाउने अधिकार हुन्छ ।

प्रारम्भिक बाल विकासमा र बाल बालिकासँग सरोकार राख्ने कार्यहरूमा सहभागी भई आफ्नो विचार राख्न पाउनु हाम्रो अधिकार हो ।





बालबालिकालाई कलकारखाना, खानी र यस्तै खन्य जोखिमपूर्ण काममा लगाएमा कानुनी कारबाही हुन्छ ।

बालबालिकालाई बाल विवाहमा संलग्न गर्न, कानुन विपरित ओसारपसार गर्न, अपहरण गर्न र बन्धक बनाएर राख्न पाइँदैन, यसो गरेमा बाल अधिकारको हनन हुन्छ ।





बालबालिकालाई सेना, प्रहरी वा अन्य कुनै सशस्त्र समूहमा भर्ना गरेमा बाल अधिकार को हनन हुन्छ ।

बालबालिकालाई सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक मानसिक, यौनजन्य वा अरू कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइँदैन । यसो गरेमा बालबालिकाको अधिकार हनन हुन्छ ।





बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिनुहुँदैन । यसो गरेमा बाल अधिकारको हनन हुन्छ ।

बालबालिकालाई बाल अनुकूल न्याय प्राप्त गर्ने अधिकार हुन्छ ।





असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित भएका र जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने अधिकार हुन्छ ।

बालबालिकालाई कानुन विपरीत जोखिमपूर्ण काममा लगाउने, कुनै किसिमको शोषण गर्ने, यातना दिने, बन्धक बनाउने जस्ता कार्य कसैले गरेमा त्यस्तो कार्य गर्नेबाट क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुन्छ ।



**बेलुन चित्र पढिसकेपछि तलका प्रश्नको उत्तर दिइएको खाली ठाउँमा लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् ।**

(१) तपाइँले पढेको आधारमा सम्झिएका कुनै पाँच ओटा बाल अधिकार के के हुन् ?

(क)..............................................................................................

(ख)..............................................................................................

(ग)..............................................................................................

(घ) ..............................................................................................

(ङ) ..............................................................................................

(२) कस्ता बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने अधिकार हुन्छ ?

..............................................................................................

(३) कुन अवस्थामा बालबालिकालाई क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुन्छ ?

..............................................................................................

## बाल अधिकार सम्बन्धमा बिर्सनै नहुने मुख्य कुराहरू छोटकरीमा

» सुरक्षित रूपमा जन्मलिन पाउनु बाल अधिकार हो ।
» पहिचान खुल्ने सम्मानजनक नाम प्राप्त गर्नु बाल अधिकार हो ।
» जन्मदर्ता प्रमाण पत्र र राष्ट्रियता प्राप्त गर्नु बाल अधिकार हो ।
» उपयुक्त खान पान र स्याहार सुसार सहित हुर्किन पाउनु बाल अधिकार हो ।
» आमाबाबुसँग बसोबास गर्न पाउनु बाल अधिकार हो ।
» पारिवारबाट बिछोडिएका बालबालिकालाई आफ्नो परिवारसँग फेरि बस्न पाउने अधिकार हुन्छ ।
» बालक्लबमा सहभागी हुनु र आफ्नो विचार व्यक्त गर्न पाउनु बालबालिकाको स्वतन्त्रताको अधिकार हो ।
» बालबालिकालाई उचित जानकारी पाउने अधिकार हुन्छ ।
» अपाङ्गता भएका बालबालिकाका थप अधिकार हुन्छन् ।
» बालबालिकालाई स्वस्थ रहने र स्वास्थ्यसेवा प्राप्त गर्ने अधिकार हुन्छ ।
» बालबालिकालाई सामाजिक सुरक्षाको अधिकार हुन्छ ।
» बालबालिकालाई निःशुल्क शिक्षाको अधिकार हुन्छ ।
» बालबालिकालाई लागु पदार्थको दुरुपयोग बाट बच्ने अधिकार हुन्छ ।
» बालबालिकालाई यौन शोषणबाट संरक्षण पाउनुपर्ने अधिकार हुन्छ ।
» बालबालिकालाई अन्य किसिमका शोषणबाट सुरक्षित हुने अधिकार हुन्छ ।

## आफैँ परीक्षण गर्न उत्तरहरू हेरौँ :

**(अ) चित्रमा देख्न सकिने कुराहरू :**

(१) बालबालिकालाई आमाले दुध खुवाउँदै गरेको (२) बालबालिकालाई नुहाइ धुवाइ गर्दै गरेको (३) बालबालिकालाई तेल लगाउँदै गरेको (४) बालबालिकालाई खोप लगाउँदै गरेको (५) बालबालिकालाई लुगा लगाएर विद्यालय पठाउँदै गरेको (६) बालबालिकालाई गुरुआमाले प्रेमपूर्वक सिकाउँदै गरेको (७) बालबालिका खेल खेल्दै गरेको (८) पारिवारिक छलफलमा सहभागी हुँदै गरेको

(आ) बालबालिकाले पाएका अवसर : खाना खान, सरसफाइ गर्न, राम्रो लाउन, खेल खेल्न, पढ्न जान, खाजा खान,

**(इ) अभ्यास**

(१) खाली ठाउँ भरको उत्तर :

(क) ठिक (ख) बेठिक (ग) ठिक (घ) ठिक (ङ) बेठिक (च) ठिक (छ) ठिक (ज) बेठिक

(२) (१) कुनै पाँच ओटा बाल अधिकार

(क) सुरक्षित रूपमा जन्मलिने, पहिचान सहितको नाम पाउने र जन्मदर्ता पाउने अधिकार,

(ख) उचित शिक्षा, स्वास्थ्य उपचार, पालन पोषण, स्याहार सुसार, खेलकूद र मनोरञ्जनको अवसर प्राप्त गरी सर्वाङ्गीण विकास गर्न पाउने अधिकार,

(ग) आफूसँग सरोकार राख्ने कार्यहरूमा सहभागी भई आफ्नो विचार राख्न पाउने अधिकार,

(घ) दुर्व्यवहार, उपेक्षा वा शारीरिक मानसिक, यौनजन्य वा अरू कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्नबाट सुरक्षित रहन पाउने अधिकार,

(ङ) आमाबाबुसँग बसोबास गर्नपाउने अधिकार,

(२)असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित भएका र जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने अधिकार,

(३) बालबालिकालाई कानुन विपरीत जोखिमपूर्ण काममा लगाउने, कुनै किसिमको शोषण गर्ने, यातना दिने, बन्धक बनाउने जस्ता कार्य कसैले गरेमा त्यस्तो कार्य गर्नेबाट क्षतिपूर्ति प्राप्त गर्ने अधिकार,

# पाठ १

# महिलाका आधारभुत अधिकार बुझौँ

हाम्रो समाज महिला र पुरुष मिलेर बनेको छ। हामी समाजलाई एउटा रथसँग तुलना गर्न सक्छौँ। एउटा रथका दुईओटा पाङ्ग्रा भए जस्तै समाज रूप रथका दुई पाङ्ग्रा मध्ये एउटा पुरुष हो भने अर्को महिला हो। जसरी रथ राम्ररी गुड्नका लागि दुबै पाङ्ग्रा उत्तिकै मजबुत हुन आवश्यक हुन्छ। त्यसरी नै समाज राम्ररी चल्नका लागि पुरुष र महिला दुबै उत्तिकै मजबुत हुन आवश्यक हुन्छ। पुरुष र महिलामा धेरै समानताहरू हुन्छन्। त्यति हुँदाहुँदै पनि शारीरिक बनावट र प्रकृतिक कारणहरूले महिलालाई केही विशेष सुविधाहरू आवश्यक पर्दछन्। ती सुविधाहरूलाई कानुनद्वारा नै व्यवस्थित र सुनिश्चित गरिएको हुन्छ। जसलाई हामी महिला अधिकार भन्ने गर्दछौँ। महिला अधिकारलाई महिलाको हक पनि भन्ने
गरिन्छ।

**एकै छिन तलको चित्रमा हेरौँ**



(१)



(२)



(३)

## क्रियाकलाप : १

**माथिको चित्रका आधारमा तलका प्रश्नहरूको जवाफ लेखौँ**

(१) विद्यालय को को गएको देखिन्छ ?

......................................................................................................

(२) मेलामा काम गर्न को को गएका छन् ?

......................................................................................................

(३) कार्यालय को को गएको देखिन्छ ?

......................................................................................................

**उक्त चित्र हेरेपछि तपाइँले सबै काममा महिला र पुरुष दुबै सँगसँगै गएको देख्नुभयोहोला हैन ?**

**हाम्रो समाजमा सबै महिला र पुरुषले बराबरी हक र अधिकारको उपयोग गर्न पाएका छन् ? तलको कथा पढौँ है त ।**

रमिलाको घर चन्द्रनिगाहपुर हो । उनको परिवारमा बाबा, आमा, भाइ र रमिला छन् । उनीहरूको खेतीबाट आएको आमदानीले घरव्यवहार चलाउन गारो भयो । बाबा कमाउन विदेश जानुभयो । रमिलाकी आमाले भाइलाई विद्यालयमा भर्ना गरिदिनुभयो । रमिलाले पनि विद्यालय जाने रहर गरिन् । आमाले दुई जनालाई खर्च धान्न गारो हुने बताएर भर्ना गरिदिनु भएन । रमिला खिन्न र भारी मन लिएर घरमा नै बसेकी थिइन् । एक दिन सीता गुरुआमा रमिलाको घरमा आउनुभयो । गुरुआमाले रमिलाकी आमासँग रमिला पढ्न नजानुको कारण सोध्नुभयो । आमाले आर्थिक कठिनाइका कारण पढ्न पठाउन नसकेको बताउनुभयो । गुरुआमाले छोरा र छोरी दुबैको पढ्न पाउने समान अधिकार भएकाले दुबैलाई विद्यालय पठाउन भन्नुभयो । सरकारले छात्राका लागि छात्रवृत्तिको व्यवस्था समेत गरेको हुँदा छोरीलाई पढाउन अझ सजिलो हुने बताउनुभयो । बाबु आमाको सम्पत्तिमा छोरा र छोरीको बराबर हक हुने कानुनी व्यवस्थाका बारेमा पनि बताउनुभयो । सरकारले महिला र पुरुष दुबैलाई समान विकासको गतिमा अगाडि बढाउन केही विशेष अधिकार सुरक्षित गरेको कुरा पनि बताउनुभयो । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक रहेको बताउनुभयो । सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने कुरा पनि बताउनुभयो । सीता गुरुआमाको विद्यालयमा महिला कोटामा शिक्षकको माग भएकाले प्रतिस्पर्धामा भाग लिन सल्लाह पनि दिनुभयो । रमिलाकी आमाले भोलिपल्ट नै छोरीलाई विद्यालयमा भर्ना गराइन् । आफूले शिक्षकका लागि दर्खास्त पनि दिइन् । १५ दिन पछि भएको परीक्षाबाट उनी छानिइन् र गुरुआमा भइन् । उनीहरूको परिवार राम्ररी चल्न थाल्यो । रमिला र उनको भाइ दुबैले राम्रो सँग पढ्ने अवसर पाए ।

## क्रियाकलाप : २

**माथिको कथाका आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(१) महिला (छोरी) भएको कारणले रमिलाले पाएको विशेष सुविधा के हो ?

.....................................................................................

(२) रमिलाकी आमाले महिला भएको कारणले पाएको विशेष सुविधा के हो ?

.....................................................................................



## अभ्यास क्रियाकलाप

**तलको खाली ठाउँमा उपयुक्त शब्द राखी खाली ठाउँ भर्नुहोस् ।**

(क) बाबु आमाको सम्पत्तिमा छोरा र छोरी दुबैको ..........हक हुन्छ ।

(ख) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने ........हुन्छ ।

(ग) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको.........हक हुन्छ ।


(घ) रमिलाले पढ्न जान नपाउनुको कारण ................थियो ।

(ङ) रमिलाले ............जान रहर गरिन ।


## सम्झनुपर्ने बुँदा

हामी सबैले महिलाका अधिकार थाहा पाउन आवश्यक छ । महिलाकाअधिकारलाई हाम्रो संविधानमा पनि उल्लेख गरिएको छ । ती अधिकारलाई मौलिक हक पनि भनिन्छ ।

**महिलाका अधिकार यसप्रकार छन् :**




सुरक्षित रूपमा आमा बन्न पाउने र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार



कसैले कुनै कारणबाट पनि शोषण गर्न नपाउने अधिकार




कसैले शोषण गरेमा न्याय पाउने र क्षतिपूर्ति पाउने अधिकार




राज्यका सबै निकायमा समानुपातिक रूपमा सहभागी हुने अधिकार




सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने अधिकार,



सम्पत्ति र पारिवारिक मामिलामा पुरुष सरहको अधिकार,



सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार



गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार



## आफैं परीक्षण गर्न उत्तरहरू हेरौं :

**(अ) क्रियाकलाप १. को उत्तर :**

(१) बालक र बालिका दुबै (२) महिला र पुरुष दुबै (३) महिला र पुरुष दुबै

**(आ) क्रियाकलाप २. को उत्तर :**

(१) छात्रवृत्तिको सुबिधा (२) महिला कोटामा रोजगारी (शिक्षक)

(३) (क) समान (ख) हक (ग) समान

**(इ) अभ्यास १. खाली ठाउँ भरको उत्तर** :

क) बराबर ख) हक ग) समान घ) आर्थिक कठिनाइ (ङ) विद्यालय

# पाठ ३ अपाङ्गता भएका व्यक्तिहरूका आधारभुत अधिकार बुझौं

हामी हामो समाजमा विभिन्न किसिमका मानिसहरू देखिरहेका हुन्छौँ । समाजमा विभिन्न किसिमका शारीरिक अवस्था, मानसिक अवस्था र वौद्धिक अवस्था भएका मानिसहरू हुन्छन् । एकछिन सोचेर कस्ता कस्ता मानिस देख्नुभएको छ ? तल टिपोट गर्नुहोस् है त ।

(क) ............................................................................

(ख) ............................................................................

(ग) ............................................................................

(घ) ............................................................................

(ङ) ............................................................................

अब तलको चित्र हेरौँ



(१)



(२)



(३)



(४)



(५)

## क्रियाकलाप : १

**चित्रमा कस्ता कस्ता मानिसहरू देख्नुभयो ?**

(क) ..........................................................................

(ख) ..........................................................................

(ग) ..........................................................................

(घ) ..........................................................................

(ङ) ..........................................................................

**तलको संवाद पढौँ है त :**

**सीता** : कता पुगेर आउनु भएको हो सेविका नानी ?

**सेविका** : स्रोतकक्षा पुगेर आएकी भाउजू ।

**सीता** : के हो नानी स्रोत कक्षा भनेको ?

**सेविका** : अपाङ्गता भएका बालबालिकालाई शिक्षादीक्षा दिने ठाउँ हो भाउजू ।

**सीता** : कस्ता कस्ता किसिमका अपाङ्गता भएका व्यक्तिहरूको स्रोतकेन्द्र रहेछ नानी ?

**सेविका** : बहु अपाङ्गता स्रोतकेन्द्र भनेर खोलेका रहेछन्, भाउजू । त्यहाँ त शारीरिक अपाङ्गता भएका, बौद्धिक अपाङ्गता भएका, दृष्टि सम्बन्धी अपाङ्गता भएका, सुनाइ सम्बन्धी अपाङ्गता भएका, बोलाइ सम्बन्धी अपाङ्गता भएका, हेमोफिलिया भएका , अटिजम भएका, डाउन सिण्ड्रम भएका, श्रवण दृष्टिविहीन, बहु अपाङ्गता भएका आदि विभिन्न किसिमका अपाङ्गता भएका विभिन्न उमेर समूहका बालबालिका रहेछन्, भाउजू ।

**सीता** : यति धेरै किसिमका अपाङ्गता भएका मानिसहरूको व्यवस्थापन कसरी गरेकोहोला नानी ?

**सेविका** : तपाइँको जस्तै जिज्ञासा मैले त्यहाँको स्रोत शिक्षकसँग राखेकी थिएँ उहाँले मलाई अर्को दिन समय मिलाएर आउन भन्नुभएको छ । हामी दुबै सँगै जाउँला नि भाउजू । बरु अहिले चै छुटौं है भाउजू ।

**सीता** : हुन्छ हुन्छ नानी, बरु मलाई लैजान चाहिँ नभुल्नुहोला है ।

## क्रियाकलाप : २

**माथिको सवांदका आधारमा स्रोत केन्द्रमा कस्ता, कस्ता अपाङ्गता भएका मानिसहरू रहेछन् ? तलको खाली ठाउँमा लेख्नुहोस् र पाठको अन्त्यमा दिइएको उत्तर खोजेर जाँच्नुहोस् ।**

(१)................................................

(२)................................................

(३) ................................................

(४)................................................

(५)................................................

(६)................................................

(७)................................................

(८)................................................

(९)................................................

(१०)............................................

**एक दिन समय मिलाएर सीता र सेविका दोस्रो पटक स्रोत शिक्षकलाई भेट्न जान्छन् । उनीहरूका बिच भएको कुराकानी पढौँ न त है :**

**सेविका** : सर नमस्ते । अस्ति यो स्रोतकक्षाका बारेमा सबै कुरा बुझ्ने समय अभाव भएकाले आज फेरि आएको । उहाँ मेरी भाउजू सीता । उहाँले पनि यस बारेमा बुझ्न चाहानुभएकाले हामी दुबै आएका ।

**सीता** : नमस्ते सर ।

**शिक्षक** : नमस्ते , स्वागत छ । तपाइँहरू आएर राम्रो गर्नुभयो । म तपाइँहरूसित आज चाहिँ अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका बारेमा कुरा गर्छु । त्यसपछि स्रोत कक्षाका बारेमा कुरा गरौँला हुन्न ?

**सेविका** : किन नहुनु सर ? हुन्छ नि ।

**शिक्षक** : ल ध्यान दिएर सुन्नुस् है त । मानिस भएर जन्म लिएसँगै जस्तोसुकै अवस्थाको भए पनि उसले मानवोचित व्यवहार पाउनुपर्छ । शारीरिक, मानसिक वा अन्य कुनै आधारमा कुनै भेदभाव गर्न पाइँदैन ।

**सीता** : यो अपाङ्गता भनेको चाहिँ के हो नि सर ?

**शिक्षक** : सामान्य भन्दा फरक क्षमता भएका बालबालिकालाई अपाङ्गता भएका बालबालिका भन्ने गरिन्छ सीताजी, आजकाल त अपाङ्गता भएका भन्नुभन्दा पनि फरक क्षमता भएका भन्नु राम्रो मानिन्छ ।

**सेविका** : फरक क्षमता भएका बालबालिकाको अधिकारमा नै केन्द्रित भएर कुरा गरौँ न त होइन सर ?

**शिक्षक** : हो, आज अपाङ्गता अधिकारमा नै केन्द्रित होऔँ न त हुन्छ ?

**सीता** : हुन्छ, हुन्छ ।

म तपाइँहरूलाई क, ख, ग, गरेर बुँदागत रूपमा नै भन्छु है त, ल सुन्नुहोस् :

(क) सामान्य बालबालिका सरह जन्म लिन र आमा बाबु तथा परिवारका सदस्यहरूबाट मायाममता प्राप्त गर्ने अधिकार,

(ख) अपाङ्गताको पहिचानसहित आत्मसम्मानपूर्वक मर्यादित जीवन यापन गर्न पाउने अधिकार,

(ग) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने अधिकार,

(घ) सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको अधिकार,

(ङ) समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका विभिन्न निकायहरूमा सहभागिताको अधिकार,

(च) अपाङ्गता भएका (आफ्नो हेरचाहा आफैँ गर्न नसक्ने) नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार,

(छ) गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार,

(ज) गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेमा कानुनबमोजिम क्षतिपूर्ति प्राप्त गर्ने अधिकार,

(झ) कुनै प्रकारको यातना र शोषणबाट उन्मुक्त हुन पाउने अधिकार,

(ञ) राज्यबाट विशेष संरक्षण र सुविधा पाउने अधिकार,

(ट) संवैधानिक र कानुनी उपचार प्राप्त गर्ने अधिकार,

**सेविका** : ओ हो सर ! आज त कति धेरै कुरा जान्ने अवसर प्राप्त भयो ।

**सीता** : हो त नि , यो स्रोतकेन्द्र पनि फरक क्षमता भएका बालबालिकाहरूले यिनै अधिकारहरू प्राप्त गर्ने अवसरका लागि सञ्चालन गरिएको होला हैन सर ?

**शिक्षक** : हो , यसमा सरकारको ठुलो लगानी रहेको छ । केही सामाजिक सङ्घसंस्थाहरूले पनि सहयोगको हात फैलाएका छन् ।

**सेविका** : फरक क्षमता भएका नागरिकका यिनै अधिकारहरूको उपलब्धताका लागि यो स्रोतकेन्द्र रहेछ हैन सर ? समय धेरै गइसकेछ , सरलाई धेरै धेरै धन्यवाद ।

**सीता** : अब हामी जान्छौँ पनि ।

**शिक्षक** : हवस् त । यी कुराहरू र यो स्रोतकेन्द्रका बारेमा अरूलाई पनि बताउन चाहिँ नभुल्नुहोला है ।

**सेविका** : हुन्छ नि सर, यो त हाम्रो सामाजिक दायित्व नै हो नि है न र ? ल नमस्कार ।

**शिक्षक** : कहिलेकाहीँ आउँदै गर्नुहोला । ल नमस्कार ।

## क्रियाकलाप : ३

**माथिको संवाद पढिसकेपछि तपाइँले थाहा पाउनुभएका अपाङ्गता भएका व्यक्तिका अधिकार के के हुन् ? तलको खाली ठाउँमा टिप्नुहोस् र कुन कुन छुटाउनुभयो या सबै लेख्न सक्नुभयो पाठको अन्त्यमा दिइएको उत्तर हेरेर यकिन गर्नुहोस् ।**

क) ........................................................

ख) ........................................................

ग) ........................................................

घ) ........................................................

ङ) ........................................................

च) ........................................................

छ) ............................................................

ज) ............................................................

झ) ............................................................

ञ) ............................................................

ट) ............................................................

हामी अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहबाट अपाङ्गताको (फरक क्षमता) वर्गीकरणअनुसार पूर्ण अशक्त अपाङ्गता भए रातो, अति अशक्त अपाङ्गता भए निलो, मध्यम अपाङ्गता भए पँहेलो र सामान्य अपाङ्गता भए सेतो परिचयपत्र पाउने अधिकार छ।





हामीलाई आवश्यक क्लिनिकल परामर्श सेवा तथा स्वास्थ्य उपचारसँग सम्बन्धित रेफरल सेवा प्राप्त गर्ने अवसर हुन्छ।

हामीलाई सामान्य परामर्श सेवा, दौतरी परामर्श सेवा, अभिभावक परामर्श सेवा जस्ता सेवाहरू प्राप्त गर्ने अवसर हुन्छ।





पूर्णअशक्त अपाङ्गता , अति अशक्त अपाङ्गता, र मध्यम अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्रका आधारमा बस, रेल, हवाइजहाज, जस्ता सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडामा पचास प्रतिशत छुट हुने व्यवस्था छ।

सार्वजनिक सवारीका साधनमा अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित गरिएको सिटमा बसेर यात्रा गर्ने अवसर हुन्छ ।





हामीलाई पहुँचयुक्त आवास सुविधा सहितको समावेशी शिक्षा र विशेष कक्षाको व्यवस्था सहितको शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ ।

हामीलाई व्यावसायिक तथा प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ ।





हामीलाई सूचना प्रविधिका माध्यम, प्रणाली वा तरिकाको अवलम्बन सहितको शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ ।

आवश्यक विशेष सफ्टवेयर सहितको कम्प्युटर वा उपकरण वा अडियो, ब्रेल, चित्रात्मक सामग्री, ठुलो छापा, भिडियो, साङ्केतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्री प्राप्त गर्ने र उपयोग गर्न पाउने हाम्रो अधिकार हो ।





शैक्षिक छात्रवृत्ति र विशिष्टीकृत तालिमप्राप्त शिक्षकबाट सिक्न पाउने हाम्रो अधिकार हो ।

उपयुक्त खेल सामग्रीसहित खेलकुदमा सहभागी हुन पाउने र मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुन पाउने हाम्रो अधिकार हो ।





मनोसामाजिक अपाङ्गता (अटिजम) भएका व्यक्तिले नि:शुल्क मनोसामाजिक परामर्श सेवा प्राप्त गर्न पाउने कानुनी व्यवस्था छ ।

**अनुवंशीय रक्तश्राव (हेमोफिलिया) अपाङ्गता भएका व्यक्तिले आफूलाई आवश्यक पर्ने फ्याक्टर लगायतका औषधी निःशुल्क प्राप्त गर्ने अधिकार कानुनले सुनिश्चित गरेको छ।**



## अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धि सम्झनुपर्ने बूँदाहरू छोटकरीमा

» स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार,
» सम्पत्तिको अधिकार,
» रोजगारी वा स्वरोजगारीको अवसरमा प्रवर्धन,
» स्वास्थ्य र शिक्षाको अधिकार (साङ्केतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने),
» आफ्नो इच्छाअनुसारको व्यावसायिक वा व्यावहारिक शिक्षा, अवसर र छात्रवृत्ति,
» सार्वजनिक संरचना, सार्वजनिक यातायात र स्थानहरूमा पहुँचको अधिकार,
» उचित तथा आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार,
» राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार,
» सूचना प्राप्तिको अधिकार,
» गोपनीयताको अधिकार,
» गुणस्तरीय जीवनस्तर,
» सामाजिक जीवनमा सहभागिताको अधिकार,
» सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार,

## अतिरिक्त ज्ञानका लागि

**विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूका लागि निम्न सहायक सामग्रीहरू हुन्छन्**

१.स्टाइलस, स्लेट, ब्रेल पेपर, २. ब्रेल मेमो, ३. ब्रेल डिस्प्लेयर ४. डेजी प्लेयर सफ्टवेयर, स्क्रिन रिडिङ सफ्टवेयर ५. सेतो छडी ६. वाटर इण्डिकेटर ७. लाइट इण्डिकेटर ८. अब्जेक्ट इण्डिकेटर ९. विभिन्न प्रकारका ह्वीलचियर, १०. बैसाखी, लठ्ठी, इल्बो क्रचेस, एक्जलरि क्रचेस ११. वाकर, अपाङ्गता भएका व्यक्तिहरुलाई बस्न बनाइने विशेष प्रकारको कुर्शी १२. क्यालिपर १३. विशेष प्रकारको जुत्ता १४. कृत्रिम हात खुट्टा र स्पाइनल ब्रेस १५. मेरुदण्ड पक्षाघात भएका व्यक्तिको लागि क्याथेटर र डाइपर एयर कुशन १६. विशेष प्रकारको कमोड, कमोड चेयर १७. श्रवण यन्त्र, अडियो इण्डक्सन लुप सिस्टम, इन्फारेड सिस्टम, फ्रिक्वेन्सी मोडुलेशन सिस्टम, कम्युनिकेशन एसेस रियल टाइम ट्रान्सलेसन, अटोमेटिक स्पिच रिकग्निसन्, १८. म्याग्निफाइड ग्लास, उच्च क्षमताको चश्मा १९. स्वर यन्त्र २०. मेरुदण्ड पक्षाघात भएकाकालागि एयर म्याट्रेस, जेली कुशन आदि

## आफैं परीक्षण गर्ने प्रयोजनका लागि उत्तरहरू :

**(अ) क्रियाकलाप १. को उत्तर :**

क) ह्विलचियरमा बसेका ख) सेतो छडी टेकेका ग) साङ्केतिक भाषा प्रयोग गरेर कुरा गर्दै गरेका घ) अटिजम भएका मुन्टो हल्लाइरहेका, ङ) ठुलो टाउको भएका

**(आ) क्रियाकलाप नं.२ को उत्तर :**

उत्तर : (१) शारीरिक अपाङ्गता भएका (२) बौद्धिक अपाङ्गता भएका (३) सुनाइ सम्बन्धी अपाङ्गता भएका (४) बोलाइ सम्बन्धी अपाङ्गता भएका (५) दृष्टि सम्बन्धी अपाङ्गता भएका (६) अटिजम वा मनोसामाजिक अपाङ्गता भएका (७) हेमोफिलिया (अनुवंशीय रक्तश्राव अपाङ्गता) भएका (८) डाउन सिण्ड्रम भएका (९)बहुअपाङ्गता भएका (१०) श्रवण दृष्टिविहिन भएका आदि

**(इ) क्रियाकलाप नं.३. को उत्तर :**

(क) सामान्य बालबालिका सरह जन्म लिन र आमा बाबु तथा परिवारका सदस्यहरूबाट मायाममता प्राप्त गर्ने अधिकार,

(ख) अपाङ्गताको पहिचानसहित आत्मसम्मानपूर्वक मर्यादित जीवनयापन गर्न पाउने अधिकार,

(ग) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने अधिकार,

(घ) सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको अधिकार,

(ङ) समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका विभिन्न निकायहरूमा सहभागिताको अधिकार,


(च) अपाङ्गता भएका (आफ्नो हेरचाहा आफैं गर्न नसक्ने) नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार,


(छ) गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार,


(ज) गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेमा कानुनबमोजिम क्षतिपूर्ति प्राप्त गर्ने अधिकार,


(झ) कुनै प्रकारको यातना र शोषणबाट उन्मुक्त हुन पाउने अधिकार,
(ञ) राज्यबाट विशेष संरक्षण र सुविधा पाउने अधिकार,
(ट) संवैधानिक र कानुनी उपचार प्राप्त गर्ने अधिकार,


# पाठ ४ समावेशी नीति बारे जानौ


(१)


(२)


(३)


(४)



(५)



(६)



(७)

**माथिको चित्रमा तपाइँले के के देख्नुभयो तल टिपोट गर्नुहोस् ।**

(१)..................................................................

(२) ..................................................................

(३) ..................................................................

(४) ..................................................................

(५) ..................................................................

(६) ..................................................................

हामी समाजमा बस्छौँ । समाजमा विभिन्न जातजाति छन् । विभिन्न भाषाभाषी छन् । विभिन्न शारीरिक तथा मानसिक अवस्था भएका छन् । विभिन्न पेसा व्यवसाय गर्ने गर्छन् । विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्छन् ।

तपाइँको छिमेकमा कस्ता कस्ता मानिसहरू हुनुहुन्छ ? के, के व्यवसाय गर्नुहुन्छ ? कुन कुन चाडबाड मनाउनुहुन्छ ? अनि एक आपसमा के कसरी मद्दत गर्ने गर्नुभएको छ ? सामाजिक कार्यहरू गर्दा कसरी सहभागिता जनाउने गर्नुभएको छ ? एकैछिन सम्झनुहोस् त ।

हो हाम्रो समाज मिश्रित छ । हाम्रो समाजमा विभिन्न जातजाति, भाषाभाषी, वर्ग र समुदायका मानिसहरू छौँ । यस्तो समाजलाई हामी समावेशी समाज पनि भन्न सक्छौँ । हाम्रो व्यवसाय पनि विविध किसिमको छ । हामी एक अर्काको व्यवसाय मार्फत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा एक अर्कालाई मद्दत गरिरहेका हुन्छौँ । अल्पसङ्ख्यक तथा पिछडिएको वर्ग र समुदायका मानिसहरू छन् भने उनीहरूलाई अरू सरह बनाउन हामी सबै मिलेर आवश्यक परे का बेला मद्दत पनि गरिरहेका हुन्छौँ । हामी हाम्रा सबै आवश्यकता आफैँ पूरा गर्न सक्तैनौँ त्यसैले हामी एक अर्कामा निर्भर हुन्छौँ ।

हामीले लगाउने लुगा सूचिकारले सिलाउनुहुन्छ । जुत्ता चर्मकारले बनाउनुहुन्छ । खाद्यान्न तथा फलफूल किसानले उत्पादन गर्नुहुन्छ । विभिन्न सामानहरू व्यापारीले बिक्री गर्नुहुन्छ । यातायात व्यवसायीले यातायात सुविधा उपलब्ध गराउनुहुन्छ । शिक्षकले सिकाउनुहुन्छ । डाक्टरले उपचार गर्नुहुन्छ । डकर्मीले घर बनाउनुहुन्छ । सिकर्मीले फर्निचर बानाउनुहुन्छ । यसरी समाजमा सबै किसिमका मानिसहरु हुन्छन र सबैलाई सबैको आवश्यकता पर्छ । यस्तो समाजलाई हामी समावेशी समाज भन्ने गर्छौं ।

**समाजलाई समावेशी बनाउन निम्न कार्यहरू गर्नुपर्छ :**

» समाजमा सद्भाव राख्नुपर्छ ।
» आपसमा मिलेर बस्ने गर्नुपर्छ ।
» आवश्यकता अनुसार एक अर्कालाई सहयोग गर्नुपर्छ ।
» सामाजिक कार्यहरूमा सबैलाई सहभागी गराउनुपर्छ ।
» समाजमा बन्ने विभिन्न समितिहरूमा सबैको प्रतिनिधित्व गराउनुपर्छ ।
» कसैले कसैलाई हेलाहोचो गर्नुहुँदैन ।
» सबैले सबैलाई सम्मान गर्नुपर्छ ।
» सामाजिक लाभको बाँडफाँड समान रूपमा गर्नुपर्छ ।
» सामाजिक सङ्घसंस्थामा सबैको सहभागिता समान र सार्थक हुनुपर्छ ।



## अभ्यास क्रियाकलाप

**कोष्ठमा क,ख, लेखेर जोडा मिलाउनुहोस् ।**

क) सिकर्मी (.......)उपचार गर्ने

ख) डकर्मी (........) जुत्ता बनाउने

ग) सूचिकार (.........) सामान बेच्ने

घ) चर्मकार (.........) सिकाउने

ङ) व्यापारी (..........)फर्निचर बनाउने

च) शिक्षक (........) घर बनाउने

छ) डाक्टर (.........) लुगा सिलाउने

**समाजलाई समावेशी बनाउन गर्नुपर्ने कार्यहरू के के हुन् ? कुनै पाँचओटा कार्य तलको खाली ठाउँमा लेख्नुहोस् । पाठको अन्त्यमा दिइएको उत्तर हेरेर जाँच्नुहोस् ।**

१) ........................................................................................

२) ........................................................................................

३) ........................................................................................

४) ........................................................................................

५) ........................................................................................

**हामीले हाम्रो परिवार र छरछिमेक समावेशी हुन आवश्यक छ भन्ने कुरा थाहा पायौँ । अब एकैछिन वडा सदस्य र आमा बिच भएको तलको संवाद पढौँ न त है :**

**आमा :** सदस्य नानी नमस्कार है ।

**सदस्य :** ए ! आमा पो आउनुभएछ । नमस्कार, ल यता बसौँ आमा । अस्ति अझै कुरा गर्न मन गर्दै हुनुहुन्थ्यो, रात परिहाल्यो । आज धित मरुन्जेली कुरा गर्नुपर्छ है, आमा ।

**आमा :** अँ नानी आजकाल यो समावेशीकरण भन्ने शब्द खुब सुनिन्छ । सरकारले पनि समावेशी नीति अवलम्बन गरेको छ भन्ने सुन्छु । तिमी त स्थानीय सरकारकी सदस्य पनि छौ, लौ न मलाई सम्झाइदेऊ ।

**सदस्य :** समाजमा सबै किसिमका मानिस बसेका हुन्छन् । तिनीहरू सबैले न्यायपूर्वक बाँच्न पाउनुपर्दछ । यसलाई हामी सामाजिक न्याय भन्ने गर्छौं । यही सामाजिक न्याय दिनका लागि सरकारले केही नीतिहरू अवलम्बन गरेको हुन्छ । जसलाई हामी समावेशी नीति भन्ने गर्छौं आमा ।

**आमा :** ती के के हुन् नानी ?

**सदस्य :** म बुँदागत रूपमा छोटकरीमा भन्छु है आमा, ल सुन्नुहोस् है त ?

» कुनै निर्णय गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर निर्णय गर्ने नीति,
» एकल महिलालाई रोजगारीमा प्राथमिकता दिने नीति,
» ङ हिंसापीडित महिलाहरूलाई पुनस्र्थापना, संरक्षण र सशक्तीकरण गरी स्वावलम्बी बनाउने नीति,
» महिलाहरूलाई प्रजननको अवस्थामा आवश्यक सेवा सुविधा उपलब्ध गराउने नीति,
» बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई महिलाहरू को कमाइका रूपमा मूल्याङ्कन गर्ने नीति,

» मुक्त कमैया, कम्लरी, हरुवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासी आदिको पहिचान गरी पुनर्स्थापना गर्ने नीति,
» युवाहरूलाई विशेष अवसर दिएर उनीहरूको व्यक्तित्व विकास गर्दै राष्ट्रिय विकासमा युवा सहभागिता बढाउने नीति,
» आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने नीति,
» अल्पसङ्ख्यक समुदायलाई उनीहरूको पहिचानसहित सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने नीति,
» मधेसी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण गर्ने नीति,
» त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, सबलीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने नीति,
» सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता दिने नीति,
» खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय सम्मान बढाउने माध्यमको रूपमा विकास गर्ने नीति,
» राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाको भूमिका र लगानीलाई संलग्न गराउने नीति,

**आमा :** ओ हो ! सदस्य नानी, कति राम्रा नीतिहरू रहेछन् हगि । यी सबै कार्यान्वयन भएका छन् त नानी ?

**सदस्य :** हो आमा यी नीतिहरू तीनओटै तहका सरकारको समन्वयमा कार्यान्वयनमा आइरहेका छन् ।

**आमा :** ए , ए

**सदस्य :** जन प्रतिनिधीहरू छनोट गर्दा र लोकसेवा खुल्दा समावेशी कोटा छुट्याउने, एकल महिला तथा जेष्ठ नागरकिलाई भत्ता दिने, दलित र छात्रालाई छात्रवृत्ति दिने, लोपोन्मुख र अल्पसङ्ख्यक जात जातिका लागि आवास सुविधा उपलब्ध गराउने, मुक्त कमैया, कम्लरी, हलिया, सुकुम्बासी आदिको पुनर्स्थापना गर्ने आदि थुप्रै कामहरू यिनै नीति अन्तर्गत भएका हुन् आमा । मैले एक दुई ओटा उदाहरण मात्र भनेकी हुँ आमा, यस्ता थुप्रै कामहरू भएका छन् ।

**आमा :** यी कुराहरू त मलाई लेखेर नै दिनुपर्छ नानी, म हाम्रो महिला समूहमा पनि यस्ता कुरा बताउँछु ।

**सदस्य :** हुन्छ नि आमा म यी सबै कुरा लेखिएको पुस्तक नै ल्याएर तपाईँलाई दिउँला हुन्न ?

**आमा :** ल आज चाहिँ छुटौँ है नानी ।

**सदस्य :** बिस्तारै जानुहोस् है आमा, ल नमस्कार ।



## अभ्यास क्रियाकलाप

**कोष्ठमा दिइएका शब्द मध्ये उपयुक्त छानी खाली ठाउँ भर्नुहोस् ।**

(क) बुबा आमाले दशैँको सामान किन्ने सम्बन्धी छलफलमा छोराछोरीलाई पनि समावेश गर्नु

..............हित सम्बन्धी नीति हो । (महिलाको, जेष्ठ नागरिकको, बालबालिकाको)

(ख) विद्यालयको कक्षा कोठामा कक्षा र उमेरअनुसारका फर्निचर हुनु ........हित सम्बन्धि नीति हो ।

(बालबालिकाको, जेष्ठ नागरिकको, महिलाको)

(ग) बृद्धभत्ता उपलब्ध गराउनु ..........हित सम्बन्धी नीति हो । (महिलाको, जेष्ठ नागरिकको, बालबालिकाको)

(घ) जागिर खुल्दा महिला कोटा छुट्याएर त्यसमा महिलाहरूले मात्र प्रतिस्पर्धा गर्न पाउनु ........हित सम्बन्धी नीति हो । (बालबालिकाको, महिलाको, जेष्ठ नागरिकको)

(ङ) विद्यालयमा दिवा खाजाको व्यवस्था ..........हित सम्बन्धी नीति हो ।

(महिलाको, जेष्ठ नागरिकको, बालबालिकाको)


(च) राष्ट्रिय युवा परिषद्को गठन गरी विभिन्न तालिम लगायतका सुविधा उपलब्ध गराउनु .......... हित सम्बन्धी नीति हो । (युवा युवतीको, जेष्ठ नागरिकको, महिलाको)

(छ) सन्थाल, झाँगड, मुसहर आदिका लागि आवास निर्माण गरेर उपलब्ध गराउनु ...........हित सम्बन्धी नीति हो । (अल्प संख्यक तथा लोपोन्मुख जातिको, युवाको, जेष्ठ नागरिकको )

(ज) एकल महिलालाई भत्ता दिने, सुत्केरी बिदा दिने, स्वास्थ्यकेन्द्रमा आएर सुत्केरी हुने महिला लाई यातायात खर्च दिने आदि व्यवस्था ............को हित सम्बन्धी नीति हो ।

(महिलाको, जेष्ठ नागरिकको, बालबालिकाको)

(झ) विभिन्न जनजातिहरूका कलाकृतिको संरक्षणका लागि सङ्ग्रहालय निर्माण गर्ने कार्य ............ संरक्षणसँग सम्बन्धी नीति हो । (कला र संस्कृती, धर्म, विचार)



नागरिक अधिकारको उपभोग न्यायोचित बनाउन समावेशी नीतिको कार्यान्वयनको आवश्यकता पर्दछ ।





समावेशी नीतिको कार्यान्वयनले समतामूलक समाजको निर्माण गर्न मद्दत गर्छ  साथै समाजमा शान्ति सुव्यवस्था कायम भई देशलाई सम्मृद्ध र देशवासीलाई सुखी बनाउन मद्दत गर्छ ।

समावेशी नीतिको कार्यान्वयनले नागरिकलाई कर्तव्यनिष्ठ र जवाफदेही बनाउन मद्दत गर्छ ।





समावेशी नीति कार्यान्वयन गर्न सरकार, सरकारी निकायहरू र नागरिक स्वयं पनि जिम्मेवार हुनुपर्छ ।




## आफैँ परीक्षण गर्ने प्रयोजनका लागि उत्तरहरू :

**(अ) चित्रमा देख्न सकिने कुराहरू :**

१) हिमालमा बस्ने मानिस २) पहाडमा बस्ने मानिस ३) तराइमा बस्ने मानिस ४) केटाकेटी, ५) बुढाबुढी ६) महिला ७) पुरुष ८) ब्राह्मण ९) मुसलमान १०) थारु ११) शेर्पा १२) पञ्जाबी आदि

**(आ)अभ्यास**

१. जोडा मिलाउनेको उत्तर :

माथिबाट क्रमशः छ, घ, ङ, च, क, ख, ग

(इ) २. को उत्तर (तलका मध्ये कुनै पाँच)

» समाजमा सद्भाव राख्नुपर्दछ ।

» आपसमा मिलेर बस्ने गर्नुपर्छ ।

» आवश्यकता अनुसार एक अर्कालाई सहयोग गर्नुपर्छ ।

» सामाजिक कार्यहरूमा सबैलाई सहभागी गराउनुपर्छ ।

» समाजमा बन्ने विभिन्न समितिहरूमा सबैको प्रतिनिधित्व गराउनुपर्छ ।

» कसैले कसैलाई हेलाहोचो गर्नुहुँदैन ।

» सबैले सबैलाई सम्मान गर्नुपर्छ ।

» सामाजिक लाभको बाँडफाँड समान रूपमा गर्नुपर्छ ।

» सामाजिक सङ्घसंस्थाहरूमा सबैको सहभागिता समान र सार्थक हुनुपर्छ ।

**(ई) अभ्यास २.**

(१) खाली ठाउँ भरको उत्तर :

क. बालबालिकाको ख. कालबालिकाको ग. जेष्ठ नागरिकको घ. महिलाको ङ.बालबालिकाको च. युवा युवतिको छ.अल्पसङ्ख्यक तथा लोपोन्ममुख जातिको ज. महिलाको झ.कला र संस्कृति

# पाठ ५ सामाजिक न्याय बारे जानकारी राखौँ

मानिस सामाजिक प्राणी हो । सामान्यतया ऊ समाजमा मिलेर बस्तछ । तर पनि कहिलेकाहीँ उसले जानी नजानी गरेका क्रियाकलापहरूले अरूको जीवनमा नकारात्मक असर पार्दछ । नकारात्मक असरले समाजमा विद्यमान् सद्भाव र सहिष्णुता खलबलिन जान्छ । झैझगडाको स्थिति निर्माण हुन सक्छ । यसो भयो भने कसैलाई अन्याय हुन पुग्दछ । यसरी नै सरकारी वा गैरसरकारी निकायहरूबाट प्राप्त हुनुपर्ने सेवा सुविधा वितरणमा पक्षपातपूर्ण व्यवहार भयो भने पनि सामाजिक न्यायमा आघात पर्दछ । त्यसकारण समाजका सबै सदस्यहरूका बिचमा सद्भाव र सहिष्णुता कायम गर्दै न्यायपूर्ण समाजको निर्माण गर्नुपर्छ । सामाजिक न्यायका लागि राज्यका तर्फबाट पनि विशेष व्यवस्था गरि एको हुन्छ । एकछिन हामी तलका भनाइहरू हेरौँ है त ।



**सामाजिक न्यायका लागि  हामी अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो पहिचान सहित सम्मानपूर्वक सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच पाउँछौँ ।**

**सामाजिक न्यायका लागि हामी महिलाहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।**






**सामाजिक न्यायका लागि हामी आदिवासी जनजातीहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।**



सामाजिक न्यायका लागि हामी दलित समुदायका नागरिकहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।

सामाजिक न्यायका लागि हामी मधेसी, थारु र मुस्लिमहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।





सामाजिक न्यायका लागि हामी पिछडावर्ग, अल्पसङ्ख्यक र सिमान्तीकृत नागरिकहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।

सामाजिक न्यायका लागि हामी अपाङ्गता भएका नागरिकहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।



सामाजिक न्यायका लागि हामी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, उत्पीडित र पिछडिएका क्षेत्रका नागरिकहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी हुन पाउँछौँ ।

सामाजिक न्यायका लागि हामी किसानहरुले खेती गर्न जमिन, बिउबिजन, मल, किटनाशक औषधी, कृषीबाली छनोट पर्न पाउँछौँ ।



सामाजिक न्यायका लागि हामी द्वन्द्वप्रभावितहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनअनुसार प्राथमिकतासाथ अवसर पाउँछौँ ।

सामाजिक न्यायका लागि हामी आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकले शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष सुविधा र लाभको अवसर पाउँछौँ

## अभ्यास : १

**(१) कोष्ठमा दिइएका शब्द मध्ये उपयुक्त छाद्व (१) तलका भनाइहरू ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् : नी खाली ठाउँ भर्नुहोस् ।**

(क) समाजमा बस्ने सबैप्रति समान व्यवहार गर्नु सामाजिक न्याय हो । (......)

(ख) अरूको अधिकारमा थिचोमिचो गर्नु सामाजिक न्यायको उल्लङ्घन हो । (.......)

(ग) पिछडिएका वर्ग र समुदायका नागरिकलाई सामाजिक न्यायका लागि विशेष सुविधा दिनु पर्दैन । (........)

(घ) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकलाई सामाजिक सुविधामा विशेष सुविधा र लाभ दिनुपर्छ । (.........)

(ङ) महिलालाई कानुनबमोजिम समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागिताको अधिकार हुँदैन । (.......)

(च) सामाजिक न्यायका लागि अपाङ्गता भएका नागरिकहरूलाई सबै सेवा सुविधाहरूमा समान पहुँचको व्यवस्था हुनुपर्छ । (........)

### सामाजिक सद्भाव एवम् सहिष्णुता :

समाजमा मिलेर बस्नु, सबैसँग राम्रो व्यवहार गर्नु, सबैको इज्जत गर्नु, सानालाई माया गर्नु, आफू समानकालाई इज्जत गर्नु, ठुलालाई सम्मान गर्नु, अरूका धर्म संस्कृति, चालचलन, रीतिरिवाज आदिको सम्मान गर्नु, सुखदु:खमा साथ दिनु, सहयोगी बन्नु, क्षमाशील बन्नु आदि सामाजिक सद्भाव एवम् सहिष्णुताका अनिवार्य सर्तहरू हुन् । यी सर्तहरूको सबैले इमान्दारीपूर्वक पालना गर्नु नै सामाजिक सद्भाव र सहिष्णुताको बृद्धि गर्नु हो । यसो गर्न सके सबैले सामाजिक न्यायको अनुभव गर्न सक्छन् ।

समाजमा बसेर साना साना कुरामा झगडा गर्नाले, कसैप्रति खराब दृष्टिकोण राख्नाले, अर्काको अनावश्यक चियोचर्चो गर्नाले, अरूलाई हेलाहोचो गर्नाले, अरूको अनावश्यक खिसीट्युउरी गर्नाले, अरूको धर्म संस्कृति, चाल चलन र आस्थाप्रति चोट पुऱ्याउनाले, असहयोगी बन्नाले, आफ्नो मात्र स्वार्थ हेर्नाले, लोभ लालचमा फस्नाले सामाजिक सद्भाव र सहिष्णुतालाई खल्बल्याउँछ ।

## स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाहरू :

### १. दसबर्षे जनयुद्ध कालका घटनाहरू :

हाम्रो देशमा २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको सशस्त्र द्वन्द्वका क्रममा थुप्रै जन धनको क्षति भयो । यसले गर्दा समाजमा ईर्ष्या, द्वेष, र बदलाको भावना पनि सृजना हुन पुग्यो । सामाजिक सद्भाव र सहिष्णुतामा खलल पुग्यो । २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भयो । त्यस पछि २०७१ साल माघ २७ मा स्वतन्त्र, निष्पक्ष जबाफदेही र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भयो । त्यस आयोगले छानबिन गर्ने र न्याय निरूपण गर्दै मेलमिलाप समेत गराउने जिम्मा पाएको छ । आयोगको काम सम्पन्न भएपछि आपसी सद्भाव र सहिष्णुता बृद्धि हुने आशा राखिएको छ । यसो हुन सकेमा सामाजिक न्याय स्थापित हुन सक्छ ।

### २. धार्मिक कारणबाट उत्पन्न घटनाहरू :

हाम्रो समाज मिश्रित छ । यहाँ हिन्दु, बौद्ध, मुस्लिम आदि विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास छ । विभिन्न धर्मावलम्बीहरू बिच सुमधुर सम्बन्ध छ । आपसी सहिष्णुता र सद्भाव हुँदाहुँदै पनि कहिलेकाहीँ असमझदारी पैदा हुन्छ । साना तिना घटनाहरू भइरहेका हुन्छन् । हामीले यस्तो अवस्थामा बुद्धिमानीपूर्वक समस्याको समाधान खोज्नुपर्ने हुन्छ । आपसी छलफल र कुराकानीबाट समाधान निकालेर आपसी सद्भावलाई अझ मजबुत बनाउनुपर्छ । आपसी असमझदारीले कसैलाई अन्याय भएको महसुस भएमा न्याय दिएर सामाजिक न्यायको स्थितिलाई मजबुत बनाइराख्नुपर्छ ।

### ३. जातिगत कारणबाट उत्पन्न घटनाहरू :

हाम्रो समाज विभिन्न जातजाति मिलेर बनेको छ । कतिपय जातजातिका परम्परागत रूपमा परापूर्व कालदेखि अँगाल्दै आएका पेसा व्यवसाय पनि छन् । ती पेसा व्यवसायकै कारण आपसी अन्तरनिर्भरता पनि सृजना भएको छ । त्यसकै कारण आपसी सद्भाव बृद्धि भएको पनि छ । तर कहिलेकाहीँ विवाह, भोज, मन्दिर प्रवेश आदिलाई कारण बनाएर असमझदारी सृजना भएका उदाहरण पनि छन् । यसमा हामीले ध्यान दिनुपर्ने मुख्य कुरा के हो भने जातिगत कारणबाट असमझदारी उत्पन्न हुनदिनु हुँदैन । अरूप्रति सम्मान र अरूको आस्थाको सम्मान गरेर, सहिष्णु बनेर सामाजिक सद्भावलाई अझ बढाउँदै लैजानु पर्छ । यसैबाट सामाजिक न्याय पनि स्थापित हुन सक्छ ।

### ४. सम्पत्ति विवादका कारणले उत्पन्न घटनाहरू :

समाजमा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको विवादका कारणले पनि कतिपय असमझदारी पैदा भएको पाइन्छ । व्यक्तिगत रूपमा साँध सिमाना मिचेको, सम्पत्ति हडप्न खोजेको, सम्पत्ति नदिएको, लुटपाट, चोरी डकैती गरेको आदि कारण बाट विवाद सृजना भई असमझदारी पैदा भएको पाइन्छ ।

यसरी नै कतिपय सार्वजनिक सम्पत्ति खेलमैदान, क्लब, बाटोघाटो, पोखरी, धारा, मठ मन्दिर आदिको

सम्पत्ति मिचेको र हडप्न खोजेको विवादका कारणले पनि असमभ्रदारी उत्पन्न भएको पाइन्छ । यस्तो अवस्थामा हामीले आफ्नो मनलाई फराकिलो बनाएर व्यक्ति भन्दा समाजको हितलाई माथि राखेर, सहिष्णु बनेर आपसी सद्भाव बढाउनुपर्दछ । यसो भएमा सामाजिक न्याय स्थापित हुन्छ ।

**५. साइबर अपराधका कारण उत्पन्न घटनाहरू :**

हिजो आज टेलिफोन, मोबाइल, कम्प्युटर आदि सञ्चार साधनहरूको उपयोग अत्यधिक मात्रामा बढेको छ । यी साधनहरूको सदुपयोगले संसारलाई एउटै गाउँ जस्तो बनाइदिएको छ । मानव जीवन अत्यन्त सरल र सहज भएको छ  तर तीनै साधनहरूको सही सदुपयोग हुन नसक्ता मानिसहरूको जीवन नै समाप्त हुने सम्मका घटनाहरू हुने गरेको हामीले दैनिक जसो सुन्ने गरेका छौँ । त्यसकारण हामीले आधुनिक प्रविधिको प्रयोग होसियारीपूर्वक गर्नुपर्छ । साथै अरूलाई पनि सजग गराएर सही सदुपयोगका लागि प्रेरित गर्दै सामाजिक सद्भाव अभिबृद्धि गर्नुपर्छ । यस्तो कार्यले सामाजिक न्याय स्थापित गर्न मद्दत गर्छ ।

## अभ्यास : २

**(१) कोष्ठमा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) कसैलाई मोबाइलबाट गलत म्यासेज पठाउनु ........अपराध हो । (धार्मिक, आर्थिक, साइबर )

(ख) जातजातिका आधारमा कसैलाई मन्दिर प्रवेशमा रोक लगाउनु .........अपराध हो ।
(जातिगत, धार्मिक, आर्थिक)

(ग) मन्दिर जाने कि मस्जिद जाने भनेर विवाद गर्नु ......अपराध हो । (आर्थिक, धार्मिक, जातिगत)

(घ) ठुलो जात, सानो जात भनेर विवाद गर्नु .........अपराध हो । ( सामाजिक, आर्थिक, धार्मिक)

(ङ) हामीले आधुनिक प्रविधिको प्रयोग .............. गर्नुपर्छ । (होसियारीपूर्वक, जथाभाबी, मनलागी)

**(२) तपाइँले अनुभव गर्नु भएका सामाजिक सद्भाव र सहिष्णुता खल्बल्याउने कुनै तीन ओटा घटना सम्भनाका आधारमा लेख्नुहोस् ।**

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

**(३) समाजमा यदाकदा घट्ने सामाजिक सद्भाव र सहिष्णुता खल्बल्याउने घटनाहरू हुन नदिन आफूले गर्न नहुने र गर्नुपर्ने कुनै तीन कार्यहरू लेख्नुहोस् ।**

(क) ..........................................................................................

(ख) ..........................................................................................


(ग) ..........................................................................................

**सामाजिक आन्दोलनका अभियन्ता र सामाजिक न्यायका क्षेत्रमा उनीहरूले गरेका कार्यहरू :**

**तलका तस्बिरहरू हेर्नुहोस् र चिन्ने कोसिस गर्नुहोस् :**








**समाजको हितका लागि कार्य गर्ने मानिसलाई सामाजिक अभियन्ता भनिन्छ । तपाईंहरूले माथिको तस्बिरमा हेर्नुभएका व्यक्तित्वहरू त्यस्तै सामाजिक अभियन्ता मध्येका व्यक्तिहरू हुनुहुन्छ । उहाँहरूले समाजको भलाइका लागि गर्नुभएका कार्यहरू हेरौँ ।**

### जयपृथ्वीबहादुर सिंह



बझाङको चैनपुरका जयपृथ्वीबहादुर सिंह शिक्षा क्षेत्रका अभियन्ता हुनुहुन्थ्यो । जुन समयमा हाम्रो देशमा राणा शासन थियो त्यस समयमा सर्वसाधारण जनताको शिक्षादीक्षाको कुरासम्म गर्नु पनि अपराध सरह मानिन्थ्यो तर जयपृथ्वीबहादुर सिंह शासकहरूसँग डराउनुभएन । उहाँले काठमाडौँको नक्सालमा सत्यवादी नामको पाठशाला खोल्नुभयो । पछि उहाँले त्यो विद्यालय आफ्नो जिल्ला बझाङमा सारेर सर्वसाधारण जनताको पढ्न पाउने अधिकारलाई अझ सुनिश्चित गर्नुभयो । उहाँले नेपाली भाषाको पहिलो पुस्तक अक्षराङ्क शिक्षा, बालबोध, ज्ञानमाला, भाषाकोष लगायत थुप्रै पुस्तकहरू लेखेर शिक्षा क्षेत्रमा अभियान नै सञ्चालन गर्नुभएको थियो । यसैगरी अस्पतालको स्थापना, बाटोघाटो निर्माण लगायतका थुप्रै समाज सेवाका कार्यहरू गर्नुभएको थियो ।


### तुलसीमेहर श्रेष्ठ



ललितपुरको भेलाँछेमा जन्मिनुभएका तुलसीमेहर श्रेष्ठ सामाजिक विभेद विरुद्धका अभियन्ता हुनुहुन्थ्यो । उहाँ स्वावलम्बनका पनि अभियन्ता हुनुहुन्थ्यो । उहाँले चर्खा प्रचारक महाँगुठीको स्थापना गरेर स्वदेशी कपडा उत्पादनमा जोड दिनुभएको थियो । उहाँ महिला अधिकारकर्मी समेत हुनुहुन्थ्यो । उहाँले महिला तालिमकेन्द्र स्थापना गर्नुभएको थियो । महिला जागरण अभियान सञ्चालन गर्नुभएको थियो । गान्धी स्मारक निधी नामक संस्थाको स्थापना गरेर गरिब, अनाथ र असहायको सेवाको व्यवस्था समेत गर्नुभएको थियो ।

**खगेन्द्रबहादुर बस्नेत**

काठमाडौँका खगेन्द्रबहादुर बस्नेत अपाङ्गता क्षेत्रका अभियन्ता हुनुहुन्थ्यो। आफैँ कम्मर भन्दा तलको भाग नचल्ने अपाङ्गता भएको व्यक्ति हुनुहुन्थ्यो । उहाँले नेपाल अपाङ्ग सङ्घको स्थापना गरेर यस क्षेत्रका पीडितहरूको भलाइका लागि कार्य गर्नुभएको थियो । तपाइँहरूले खगेन्द्र नवजीवन केन्द्रको नाम सुनेको हुनु पर्दछ। अहिले पनि यसै स्थानमा अपाङ्गता भएका बालबालिकाहरूले अध्ययन गर्ने आवासीय सुविधासहितको विद्यालय सञ्चालनमा छ।





## क्रियाकलाप : १

**(१) तलका नामको पछाडिको खाली ठाउँमा उहाँहरूले गर्नुभएका मुख्य मुख्य कामहरू लेख्नुहोस् ।**

| सि.नं. | नाम | अभियानको क्षेत्र | उहाँले गर्नुभएका मुख्य मुख्य कामहरू |
|---|---|---|---|
| १ | जयपृथ्वीबहादुर सिंह | शैक्षिक तथा समाज सुधारको क्षेत्र | |
| २ | तुलसीमेहर श्रेष्ठ | समाज सुधार, स्वावलम्बन र महिला अधिकारको क्षेत्र | |
| ३ | खगेन्द्रबहादुर बस्नेत | अपाङ्गताको क्षेत्र | |

(२) तलका तस्बिरहरू हेर्नुहोस् र उहाँहरूको नाम लेखी उहाँहरूले अभियन्ताका रूपमा गरिरहनुभएको कामको अभियानका क्षेत्र लेख्नुहोस् ।















## अभ्यास : ३

१) तपईंको ठाउँमा विभिन्न क्षेत्रमा अभियन्ताका रूपमा काम गरिरहनुभएका कुनै पाँच अभियन्ताको नाम लेखी उनीहरूका अभियान क्षेत्र र उनीहरूले गरेका मुख्य मुख्य कामहरू लेख्नुहोस् ।

| सि.नं. | नाम | अभियानको क्षेत्र | मूख्य मूख्य काम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

२) विभिन्न अभियन्ताहरूले चाल्नुभएका कदमबाट तपाइँले के प्रेरणा पाउनुभयो लेख्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

...........................................................................................

## आफैं परीक्षण गर्ने प्रयोजनका लागि उत्तरहरू :

**(अ) अभ्यास् : १.**

(१) ठिक, बेठिकको उत्तर :

उत्तर : क. ठिक ख. ठिक ग. बेठिक घ. ठिक ङ. बेठिक च. ठिक

**(आ)अभ्यास : (२)**

(१) को उत्तर :क) साइबर ख) जातिगत ग) धार्मिक घ) सामाजिक ङ) होसियारीपूर्वक

(२) तलका मध्ये कुनै (उदाहणका लागि) :

जातिगत विवाद, धार्मिक विवाद, सार्वजनिक सम्पत्तिको विवाद, चोरी, डकैती, लुटपाट, महिला हिंसा, जातिगत हिंसा, राजनीतिक विवाद, कुटपिट, समूहगत विवाद, साइवर हिंसा, अश्लील गतिविधि, वातावरण प्रदूषण, आदि

(३) तलका मध्ये कुनै (उदाहणका लागि) :

समाजमा बसेर साना साना कुरामा झगडा नगर्ने, कसैप्रति खराब दृष्टिकोण नराख्ने, अर्काको अन(ावश्यक चियोचर्चो नगर्ने, अरूलाई हेलाहोचो नगर्ने, अरूको अनावश्यक खिसीट्युरी नगर्ने, अरूको धर्म संस्कृति, चाल चलन र आस्थाप्रति चोट नपुऱ्याउने, सहयोगी बन्ने, आफ्नो मात्र स्वार्थ नहेर्ने, लोभ लालचमा नफस्ने, सामाजिक सद्भाव र सहिष्णुतालाई सर्वोपरि राखी सबैको सम्मान गर्ने आदि

**(इ) क्रियाकलाप १. को उत्तर :**

| सि.नं. | नाम | अभियानको क्षेत्र | उहाँले गर्नुभएका मुख्य मुख्य कामहरू |
|---|---|---|---|
| १ | जयपृथ्वीबहादुर सिंह | शैक्षिक क्षेत्र | सत्यवादी पाठशालाको स्थापना, अक्षराङ्क शिक्षा, बालबोध, ज्ञानमाला, भाषा कोष लग(ायत थुप्रै पुस्तकहरू लेखन, अस्पताल स्थापना, बाटोघाटो निर्माण लगायत अन्य समाज सेवाका कार्यहरू |
| २ | तुलसीमेहर श्रेष्ठ | समाज सुधार, स्वावलम्बन र महि(ला अधिकार क्षेत्र | चर्खा प्रचारक महागुठीको स्थापना, महि(ला तालिमकेन्द्रको स्थापना, महिला जागरण अभियानको सञ्चालन, गान्धी स्मारक निधी नामक संस्थाको स्थापना र गरिब,असहाय र अनाथहरूको सेवा |
| ३ | खगेन्द्रबहादुर बस्नेत | अपाङ्गता क्षेत्र | नेपाल अपाङ्ग सङ्घको स्थापना, खगेन्द्र नवजीवन केन्द्रको स्थापना र अपाङ्गता क्षेत्रको शिक्षा र स्वास्थ्यसँग सम्बन्धित कार्यहरू |

**(ई) क्रियाकलाप २. को उत्तर :**

| सि.नं. | नामथर | अभियानको क्षेत्र |
|---|---|---|
| १ | डा. वीरेन्द्रराज पोखरेल | अपाङ्गता अधिकार क्षेत्रका अभियन्ता |
| २ | डा. गोविन्द के.सी. | स्वास्थ्य क्षेत्रका अभियन्ता |
| ३ | ज्योती बानियाँ | उपभोक्ता अधिकार क्षेत्रका अभियन्ता |
| ४ | बबिता बस्नेत | महिला अधिकार क्षेत्रका अभियन्ता |
| ५ | चरीमायाँ तामाङ | मानव बेचबिखन विरुद्धका अभियन्ता |
| ६ | सुप्रभात भण्डारी | बाल तथा अभिभावक अधिकार अभियन्ता |
| ७ | दिलशोभा श्रेष्ठ | आमा घर सञ्चालन गर्ने आमा संरक्षणकी अमियन्ता |

## मूल्याङ्कनका आधार र श्रेणीहरु

| सक्षमता नं १ | | मानव अधिकार, सामाजिक सद्भाव, सहिष्णुता र समावेशीताको अभ्यास | |
|---|---|---|---|
| **क्र.स.** | **सिकाइउपलब्धि** | **मूल्याङ्कन आधार** | **श्रेणी** |
| १ | महिला, बालबालिकार अपाङ्गता भएका व्यक्तिका आधारभूत मानवअधिकार उल्लेख गर्न | महिलाका आधारभूत मानव अधिकार उल्लेख गरेमा | १ |
| | | महिला र बालबालिकाका आधारभूत मानव अधिकार उल्लेख गरेमा | २ |
| | | महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत मानवअधिकार उल्लेख गरेमा | ३ |
| | | बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत मानव अधिकार उल्लेख गरी प्रश्नोत्तर तथा प्रतिक्रिया जनाएमा | ४ |
| २ | समावेशी नीति र यसको कार्यान्वयनले पार्ने प्रभावको वर्णन गर्न | आफ्नो पारिवारिक संरचनाको रेखाचित्र बनाएमा | १ |
| | | आफ्नो र छिमेकको पारिवारिक संरचनाको रेखाचित्र बनाई तुलना गरेमा | २ |
| | | आफ्नो र छिमेकको पारिवारिक संरचना र सम्बन्धको समावेशी अवस्थाको पहिचान गरेमा | ३ |
| | | आफ्नोरछिमेकको पारिवारिकसंरचनारसम्बन्धकोसमावेशीअवस्थाकोपहिचा( नगरीसबलरसुधारापेक्षीपक्षसङ्केतगरेमा | ४ |
| ३ | समावेशी नीति र यसको कार्यान्वयनले पार्ने प्रभावको वर्णन गर्न | समावेशी नीतिको परिचय दिएमा | १ |
| | | समावेशी नीतिको कार्यान्वयनको आवश्यकता बताएमा | २ |
| | | समावेशी नीति र यसको कार्यान्वयनले समाजमा पार्ने प्रभावको वर्णन गरेमा | ३ |
| | | समावेशी नीति र यसको कार्यान्वयनले पार्ने प्रभावको वर्णन गरी समावेशी निति कार्यान्वयनका लागि गर्नुपर्ने पहल उल्लेख गरेमा | ४ |
| ४ | स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाको समीक्षा गर्न | स्थानीय तहमा विगतमा भएका सामाजिक सद्भाव खल्बल्याउने घटनाको सूची बनाएमा | १ |
| | | स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता सम्बन्धी व्यवहारको सूची बनाएमा | २ |
| | | स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाको समीक्षा गरेमा | ३ |
| | | स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाको समीक्षा गरी सुधारगर्नुपर्ने पक्ष सङ्केत गरेमा | ४ |

| | | | |
|---|---|---|---|
| ५ | विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाहरू दोहोरिन नदिन अपनाउन सक्ने सावधानीका उपाय प्रस्तुत गर्न | सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने सम्भावित घटनाहरू उल्लेख गरेमा | १ |
| | | सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाहरू दोहोरिन नदिने उपाय प्रस्तुत गरेमा | २ |
| | | सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाहरू दोहोरिन नदिन सचेत रहेमा | ३ |
| | | सामाजिक सद्भाव एवम् सहिष्णुता खल्बल्याउने घटनाहरू दोहोरिन नदिन सचेत रही सचेत गराएमा | ४ |
| **सक्षमता नं २** | | **सामाजिक न्याय प्रवर्धनका स्थानीय अनुभवहरुको विवेचना थता प्रस्तुती** | |
| १ | स्थानीय तहका सामाजिक आन्दोलनका अभियन्ता र सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गर्न | स्थानीय तहमा सामाजिक आन्दोलन गर्ने पाँच अभियन्ताको नाम बताई सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गरेमा | १ |
| | | आफ्नो स्थानीय तहमा सामाजिक आन्दोलन गर्ने पाँच अभियन्ताको नाम बताई सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गरेमा | २ |
| | | आफ्नो स्थानीय तहमा सामाजिक आन्दोलन गर्ने पाँच अभियन्ता नाम बताई सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गरेमा | ३ |
| | | स्थानीय तहका सामाजिक आन्दोलनका अभियन्ता र सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्यबाट आफूले ग्रहण गरेको प्रेरणा उल्लेख गरेमा | ४ |

**श्रेणीको व्याख्या**

**१= न्यून उपलब्धि, २= मध्यम उपलब्धि, ३= उत्तम उपलब्धि, ४=अतिउत्तम उपलब्धि**